फोन नं. ५२११०९
५२११७८
५२१११०

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

पत्र संख्याः- २०८२/०८३
चलानी नं. -

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np

मितिः २०८२।११।१४
ने.सं. ११४६

## मतदानको दिन प्रयोग गर्ने सवारी साधनको अनुमति लिने सम्बन्धी सूचना ।

२०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सम्बन्धमा निर्वाचन आयोगबाट सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयन भइरहेको छ । सो सम्बन्धमा मतदानको दिन (फागुन २१ गते) कार्यविधि अनुसार अनुमति पाएका सवारी साधन बाहेक कुनै पनि प्रकारका सवारी साधन प्रयोग गर्न नपाइने व्यहोरा अनुरोध गर्दै मतदानका दिन प्रयोग हुने सवारी साधनहरूको अनुमतिको लागि मतदानको दिन भन्दा २ (दुई) दिन अगाडि देहाय बमोजिम प्रक्रिया पूरा गरी जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट सवारी अनुमति प्राप्त गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले दुई, तीन वा चार पाङ्ग्रे मध्ये कुनै एक वटा सवारी साधनको लागि अनुसूची-३ बमोजिम मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत समक्ष निवेदन दिई मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको सिफारिस सहित निवेदन पेश गर्नुहुन,
२. राष्ट्रिय पर्यवेक्षकले दुई वा चार पाङ्ग्रे मध्ये कुनै एक वटा सवारी साधनको लागि निर्वाचन अधिकारीको सिफारिस सहित निवेदन पेश गर्नुहुन,
३. संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरूले निर्वाचन अधिकारीको सिफारिस सहित निवेदन पेश गर्नुहुन,
४. सञ्चार माध्यमका हकमा प्रत्येक सञ्चार संस्थालाई बढीमा ५ (पाँच) वटा सम्म सवारी साधनको लागि जिल्लास्थित पत्रकार महासंघको कार्यालयको सिफारिस सहित निवेदन पेश गर्नुहुन ।

**नोटः** मतदानको दिन एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसञ्चार सेवा, शव बाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधन र सवारी पास लिई संचालन गर्न सकिने बाहेक अन्य सबै सवारी साधनको आवत जावत निषेध गरिएको छ ।

२०८२।११।१४

मोहन चन्द्र जोशी
सहायक प्रमुख जिल्ला अधिकारी

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री जिल्ला प्रशासन कार्यालय

......................

मार्फत

श्री मुख्य निर्वाचन अधिकृतज्यू/निर्वाचन अधिकृतज्यू,

......................

विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

.................... निर्वाचन २०..... मा ........... जिल्लाको .............. क्षेत्र नं. .... प्रतिनिधि सभा सदस्य निर्वाचन/प्रदेश सभा सदस्य निर्वाचन/स्थानीय तहको .............. पदमा ............................... राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| सवारी साधनको किसिम | सवारी साधनको रङ् | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम |
|---|---|---|---|---|
| | | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ..................

निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...............................

सवारी साधन प्रयोग गर्ने स्थानः .....................

दस्तखतः

राजनीतिक दल ................./स्वतन्त्र उम्मेदवार मितिः .........................

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयबाट

सिफारिसकर्ताको

दस्तखतः

नामः

पदः

मितिः कार्यालयको छाप

# सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री जिल्ला प्रशासन कार्यालय,
कञ्चनपुर ।

**विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।**

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा कञ्चनपुर जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ......... मा मतदानको दिन ........................................................... कार्यका लागि देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| सवारी साधनको किसिम | सवारी साधनको रङ् | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम |
|---|---|---|---|---|
| | | | | |

सवारी साधन प्रयोग गर्ने व्यक्तिको नामः ..............................................................

सवारी साधनमा यात्रा गर्नेको संख्याः .......................................

निवेदन दिने प्रतिनिधिको नामः ........................................

सवारी साधन प्रयोग गर्ने स्थानः ........................................

दस्तखतः

कार्यालय/निकायको नामः ................................ मितिः..........................

सम्बन्धित सिफारिसकर्ताको कार्यालयबाट

सिफारिसकर्ताको
दस्तखतः
नामः
पदः
मितिः कार्यालयको छाप